# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

(१ नं. प्रदेश), नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं: २०७९/८०

## गुनासो सुनुवाई अधिकारी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति:२०७९/१०/२९)

यस कार्यालयमा गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत गरिब परिवारको प्रारम्भिक सूची प्रकाशन र उक्त सूची उपर सम्बन्धित परिवार वा अन्य कसैको गुनासो भएमा सो गुनासोलाई सम्बोधन गर्ने कार्यका लागि आवश्यक देहाय वमोजिमको पद करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुले ७ (सात) दिनभित्र माग वमोजिमका विवरण र यस कार्यालयको रा.वा.बैंक ओखलढुङ्गा शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद सहित यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०६/०७९/०८० | गुनासो सुनुवाई अधिकारी | स्थानीय सेवाको सहायक पाचौं तह सरह | २ (दुई) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क. नेपाल सरकारबाट मान्यता प्रास शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको महिलाको हकमा ४० वर्ष ननाघेको ।

ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

घ. यस अघि गरिव परिवार पहिचान तथा परिचय वितरण कार्यक्रममा तथ्यांक संकलनको लागि खटिनु हुने सुपरीवेक्षक तथा गणकलाई विशेष प्राथमिकता दिईनेछ ।

२. **दरखास्त दिने स्थानः** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

३. **दरखास्त दिने अन्तिम मितिः** मिति २०७९/११/०६ गते शुक्रवार कार्यालय समयभित्र, सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **दरखास्त दस्तुरः** रु.४००।-

५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन तथा अन्तरवार्ता ।

६. **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** दरखास्तवाला स्वयंले प्रमाणित गरेको देहाय वमोजिमको कागजातहरुको प्रतिलिपिः-नेपाली नागरिकता, न्यूनतम योग्यताको लब्धाङ्क पत्र, तालिम वा अनुभव भएसो को प्रमाण पत्र, ३ प्रति पासपोर्ट साइजको फोटो ।

७. **सेवा सुविधा/करार अवधिः** स्थानीय तहको सहायकस्तर पाचौं तह वा सो सरहको सुरु तलव स्केल/बढीमा २ महिना ।

८. **अन्यः** उक्त पदको दरखास्त फाराम यस कार्यालयको Website:www.siddhicharanmun.gov.np बाट तथा यस कार्यालयमा सम्पर्क गरी प्रास गर्न सकिनेछ । सो पदको कार्यविवरण गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ तथा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ वमोजिम हुनेछ ।

बलराम लम्साल
प्रमुख प्रशासकीय अधिकृत